☎ ०४६ -४१०००८
०४६-४१०००९

बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल ।
(२०७३)

मितिः २०७९।०९।२६

पोखरी(प्रथम खण्ड) बाट उत्खनन गरिएको ढुंगा,ग्राभेल,माटो बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७९।०९।२६)

बागमती नगरपालिका वडा नं ४,१२ स्थित माछापोखरी (प्रथम खण्ड ) निर्माणको क्रममा उत्खनन् गरिएको ढुंगा ग्राभेल माटो लगायतका पदार्थ नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपपत्र,मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | सूचनानं. / बोलपत्र नं. | बोलपत्रको नाम | परिणाम (घनमिटर) | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्रदस्तुर( रु.) |
|---|---|---|---|---|---|---|
| १ | BM/GRAVEL/ 01/2079/080 | बागमती माछा पोखरी (प्रथम खण्ड )बाट उत्खनन गरिएको ढुंगा ग्राभेल माटो बिक्री | २,७६,७८८/- | ५,५३,५७,६००/- | १४,००,०००/- | १५,०००/- |

सुचना तथा शर्तहरु :

१) वोलपत्र प्रकाशन मिति : २०७९/०९/२६

२) वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय :२०७९/१०/१५ गते १७:०० बजे सम्म

३) वोलपत्र बुझाउने अन्तिम मिति र समय : २०७९/१०/१६ गते दिनको १२:०० बजे सम्म

४) वोलपत्र खोल्ने मिति र समय :२०७९/१०/१६ गते दिनको १:०० बजे

५) वोलपत्र खरिद वा पेश गर्ने तरिका :Hard Copy purchase & Submission

६) Hard Copy बागमती नगरपालिकाको कार्यालय, सर्लाहीबाट खरिद गर्न सकिनेछ ।

Website: www.bagmatimunsarlahi.gov.np, Email: bagmatimun@gmail.com, ito.bagmatimunsarlahi@gmail.com

☎ ०४६ -४१०००८
०४६-४१०००९

बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल ।
(२०७३)

मिति: २०७९।०९।२६

७)बोलपत्र खरिद गर्दा यस नगरपालिकाको राजश्व शाखामा तोकिएको बमोजिमको राजश्व बुझाइ hard copy खरिद गरि सोको नगद भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

८) तोकिए बमोजिमको बिडवण्ड (धरोटी) बापतको रकम नेपाल राष्ट्रबैंकबाट इजाजतप्राप्त बैंकबाट जारि भएको बोलपत्र खुलेको मितिबाट कम्तीमा १२० दिन अवधिको बिडवण्ड वा NIC ASIA बैंक लिमिटेड .बागमती शाखामा बागमती नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता (खाता नं ४५CA०५२६३९५५२४०४) मा तोकिएको बमोजिमको धरौटी बुझाएको नगद भौचर **सिलबन्दी बोलपत्रसाथ** पेश गर्नु पर्नेछ ।

(९) बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखितकार्य हुनेछ ।

(१०)एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

(११)रीतपुर्वक पर्न आएका सिलबन्दी बोलपत्र सम्बन्धी कागजातहरु विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहोबरमा बागमती नगरपालिकाको कार्यालय,कर्मैया सर्लाही मा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन।

(१२)खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्टखुलाई फर्मको छापलगाई यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्ने छ ।

(१३) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(१४) म्यादनाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

☎ ०४६ -४१०००८
०४६-४१०००९

बागमती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कर्मैया, सर्लाही

मधेश प्रदेश, नेपाल ।

(२०७३)

मितिः २०७९।०९।२६

(१५) निर्माणाधीन पोखरीबाट उत्खनन् भएको परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानुन , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

(१६) नियमानुसार लाग्ने कर तथा सेवा शुल्क बुझाउने दायित्व स्वीकुत बोलपत्रदाताको हुने छ ।

(१७) बोलपत्र स्वीकृत भएको मितिले १५ दिनभित्र स्वीकृत बोलपत्रदाता सम्झौता गर्न आउनु पर्ने छ । सम्झौता गर्न आउदा कम्ती मा प्रथम किस्ता बापत कवोल अंकको २५ प्रतिशत रकम यस कार्यालयले तोकेको खातामा जम्मा गरि सो को नगदभौचर पेश गर्नु पर्ने छ| द्रोस्रो किस्ता बापत कबोल अंकको बाकी ७५ प्रतिशत रकम बराबरको नेपाल राष्ट्रबैंकबाट इजाजतप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको कस्तीमा २०८० पुष मसान्त सम्मको कार्यसम्पादन जमानत र कार्यालयले तोकेको कागजात सहित सम्झौता गरि पट्टा उठाउनु पर्ने छ । तोकिएको म्यादभित्र पट्टा नउठाएमा bid जमानत रकम जफत गरि नियमानुसार ठेक्काबन्दोबस्त गरिने छ । द्रोस्रो किस्ता बापत बाकि रकम २०८० जेष्ठ मसान्तसम्ममा यस कार्यालयले तोकेको खातामा जम्मा गरिसक्नु पर्नेछ, अन्यथा नियमानुसार व्याजसहित सरकारी बाँकी सरह असुलउपर गरिनेछ |

(१८) सारभुत रुपमाप्रभावग्रही सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने छ ।

(१९) यस बोलपत्र बमोजिम उत्खनन् गरिएको पर्दाथ संकलन र ढुवानी गर्ने कार्य अधिकतम २०८० असार मसान्त सम्ममा सकिसक्नु पर्नेछ

(२०) यस सुचना बमोजिम भएको ठेक्का बन्दबस्तोमा कुनै शर्त सम्बन्धी व्यवस्थामा बाधा अड्काउ भए नगर कार्यपालिकाको निर्णय अन्तिमहुने छ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.bagmatimunsarlahi.gov.npमा समेत हेर्न सकिने छ ।)

Website: www.bagmatimunsarlahi.gov.np, Email: bagmatimun@gmail.com,
ito.bagmatimunsarlahi@gmail.com